"गाउँ-शहरमा आम सन्चार, चेतना र प्रेरणाको शुभ समाचार"
ख वर्गको पत्रिका
गुड न्यूज
Good News National Weekly
राष्ट्रिय साप्ताहिक

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं ।
अधिक लाभको लोभमा नफसौं ।

वर्ष १५, अंक - १२ | २०७९ भदौ ०६ गते सोमबार देखि भदौ १२ गते आइतवार सम्म (Good News National Weekly, Aug. 22 to 29, 2022) | मुल्य रु. ५।-

# नगरमा भूकम्पीय जोखिमको अध्ययन

## नेपालगन्जका पुराना र बाक्लो बस्ती भएका एकलैनी, गगनगन्ज, डीएसपी रोड क्षेत्रका ११०० घरमा विपद् जोखिमबारे सर्भेक्षण सुरु

*गुड न्यूज संवाददाता*
*नेपालगन्ज*

नेपालगन्ज सहरमा भूकम्पीय जोखिमको अवस्थाबारे अध्ययन पनि सुरु भएको छ ।

युरोपियन युनियनको आर्थिक सहयोग र युनिसेफ नेपालको साझेदारीमा नेपाल रेडक्रस सोसाइटी बाँकेले नेपालगन्ज उपमहानगरपालिका सँगको समन्वयमा शहरी विपद् तथा भूकम्पीय पूर्वतयारी परियोजना (सुपर परियोजना ) ले यस्तो अध्ययन सुरु गरेको हो ।

नगरका निकै बाक्लो र पुरानो बस्ती भएका वडा नंबर ३ र वडा नंबर ७ का एक हजार एक सय घरहरुको भौतिक संकटासन्नता सर्भेक्षण सुरु गरेको सुपर परियोजनामा कार्यरत् नेपाल रेडक्रस सोसाइटी बाँकेका सूचना व्यवस्थापन अधिकृत रुपन ज्ञवालीले बताए ।

वडा नंबर ३ को एकलैनी, सदर लाइन रोड, लक्ष्मी चलचित्र हल क्षेत्र, जामा मस्जिद, अनाथालय माध्यमिक विद्यालय र दशरथचन्द्र रोडका साथै वडा नंबर ७ को गगनगन्ज, डीएसपी रोड, रानी तलाउ, महेन्द्र माध्यमिक विद्यालय क्षेत्र, एमपी रोड लगायतका बस्तीका घरमा भूकम्पीय जोखिमको अवस्थाबारे अध्ययन भइरहेको छ। पाँच जना सर्वेक्षक खटाएर काम भइरहेको छ । सर्वेक्षकले घर-घर पुगेर प्रश्नावली भरिरहेका छन् ।



*नेपालगन्जको एकलैनी क्षेत्रका घरमा भूकम्पीय जोखिमबारे अध्ययन गर्न छलफल गरिँदै ।*
*फोटो सौजन्य : नेपाल रेडक्रस सोसाइटी, बाँके*

| लुम्बिनी प्रदेशमा ८.६ म्याग्नेच्युटको भूकम्प जाँदा हुने क्षेतीको आंकलन | |
|---|---|
| विदाको दिनमा गएमा | १४,५८६ |
| रातिको समयमा गएमा | ३२,९३९ |
| कार्यालय समयमा गएमा | २१०९७ |

ब्यवस्थापन अधिकृत ज्ञवालीका अनुसार सर्वेक्षणले घरको बनोट (आरसीसी वा माटो जडान वा अन्य प्रविधि), घरको तला, छिमेकीको घर सँगको निकटता (कति जोडिएको छ ?), एम्बुलेन्स र दमकल जानसक्ने बाटो भए नभएको बारे अध्ययन गरिरहेका छन् । मोबाइल एप मार्फत भरिने प्रश्नावलीमा हरेक घरको फोटो अपलोड गरिनेछ । घर नम्बर, घरको देशान्तर, अक्षांश, घर निर्माण भएको मिति, घरको प्रयोजन (पारिवार बस्न वा व्यवासायिक प्रयोजन) लगायतका ७ वटा प्रश्न रहेका छन् ।

नगरमा पुराना घरमा सिमेन्ट र सरियाको प्रयोग भएको छैन । माटोको जडानका घर छन्। नगरमा सडक निर्माण गर्नु अघिका घर भएकाले सडकभन्दा होचा छन् । वर्षात्को पानी पस्ने गरेको छ । पुरानो घर जीर्ण पनि छन् । जुन भूकम्पीय जोखिम छ । सडक साँघुरा भएकाले दमकल र एम्बुलेन्स जानसक्ने बाटो नै छैन ।

"यीं दुई वडामा बाक्लो बस्ती छ । घर पुराना र जीर्ण छन्। विपद्का दृष्टिले उच्च जोखिममा रहेकाले पाइलट प्रोजेक्ट को रुपमा सर्भेक्षण सुरु गरिएको हो । त्यसपछि कस्तो सुरक्षाका विधि अवलम्वन गर्न सकिन्छ भन्नेबारे निर्णय हुनेछ", अधिकृत ज्ञवालीले प्रष्ट पारे, "पश्चिम नेपालमा लामो समयसम्म ठूलो र विनासकारी भूकम्प नगएकाले भूकम्प

(बाँकी पृष्ठ ४ मा)




# मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमबाट २,७७९ विद्यालय लाभान्वित्



*गुड न्यूज संवाददाता*
*बाँके*

लुम्बिनी प्रदेश सरकारले सन्चालन मा ल्याएको मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमले आ.ब.२०७८/०७९ मा लुम्बिनी प्रदेशभरी रहेका करिब ४ हजार ६ सय सामुदायिक विद्यालयहरु मध्ये २ हजार ७

(बाँकी पृष्ठ ४ मा)

*गुड न्यूज राष्ट्रिय साप्ताहिकका लागि प्रकाशक/प्रधान-सम्पादक*
**डक्ट प्रसाद धिताल**
*मुख्य सम्बाददाता : तिलक ब. नेपाली*
कानूनी सल्लाहकार : नरेन्द्रनाथ योगी
*संरक्षक : सुशिला बसेल*
*सल्लाहकार : पा. के. बी. बसेल*
*कार्यालय : नेपालगञ्ज उपमहानगरपालिका-१०, गोसाईगाउँ, बाँके*
*फोन नं. : ०८१-५२६९९५, ९८४८०२०८४२*
*पोष्ट बक्स नं. : ४७*
*ईमेल :-* goodnews_paper20@yahoo.com
goodnews.nepal@gmail.com
*मुद्रक ::सुभाष प्रिन्टिङ्ग प्रेस,* नेपालगञ्ज-११,
त्रिभुवनचौक, बाँके
(फोनः- ०८१-५३११८१, ९८४४८८९९९९)

# सम्पादकीय

## भूकम्पीय जोखिमका बारेमा नागरिकहरुलाई बेलैमा सतर्क गराउनु असल कदम हो ।

प्राकृतिक विपत्ती कतिखेर कहाँ कसरी आउँछ भन्ने कुराको जो कोहीले अड्कलबाजी गर्नु कठिन विषय हो । यदि प्राकृतिक विपत्तीका बारेमा सहजै थाहा हुने भएको भए त यस्ता विपत्तीमा परेर कसैले ज्यान गुमाउनु पर्ने थिएन होला । प्राकृतिक विपत्तीहरु भूकम्प, वाढी (जलप्रलय), पहिरो, आँधी-तुफान, ज्वालामुखी, आगलागी लगायत सबै घातक र भयानक हुन्छन् । तीं मध्ये भूकम्प भयानक र अति विनाशक विपत्ती हो । जुनसुकै विपत्ती यदि रातको समयमा आउने हो भने यसले कहाली लाग्दो, अकल्पनिय र क्रुर परिणाम ल्याउँदछ । प्राय यस्तो कुरा कसैले पनि कल्पना गरेको हुँदैन ।

विशेषगरी पहाडी भेकमा भूकम्पका घटनाहरु हुन सक्ने कल्पना गरिएता पनि यसले समथर तराईका भूभागहरु पनि प्रभावित हुने भूगर्भविद्हरुको अध्ययनले जगजाहेर गरेको छ । तराईलाई प्राय बाढीले नकारात्मक प्रभाव पार्ने आम मानिसहरुको सामान्य धारणा रहेता पनि पुराना शैली र संरचनामा निर्माण भएका भवनहरु भूकम्पबाट प्रभावित हुने संभावना रहन्छ । हुन त वर्षेनी तराईमा वर्षायामको बाढीले डुबाएर तराईका बासिन्दाहरुको धनजनमा ठूलो क्षेती पुग्ने गर्दछ । बाढीकै कारण हैजा, झाडापखाला जस्ता प्रकोपको तराईवासीहरुले सामना गर्नु परेको अवस्था छ । जिल्ला दैवी प्रकोप ब्यवस्थापन समितिले हरेक विपत्तीमा बिभिन्न माध्यमबाट नागरिकहरुलाई राहत पुऱ्याउने गर्दछ । तर पनि विपत्ती त विपत्ती नै हो, जसले यसको सामना गरेको छ, उसलाई यसको पीडा गहिरोरुपमा वोध भइरहेको हुन्छ ।

तराईमा भूकम्पले पार्न सक्ने प्रभावका विषयमा शायद धेरैले कल्पना नगरेको हुन सक्छ । किनभने पहाडी भेकको भौगोलिक बनोटले गर्दा पनि पहाडी भेकमै यसले बढी प्रभाव पार्ने आम मानिसहरुको बुझाई हुन सक्छ । त्यसैमा नेपालका भूगर्भविद् डा. दिपक चौलागाईले लामो समयदेखि विनासकारी भूकम्प नगएकाले पश्चिम नेपालका पहाडी जिल्लाहरु गुल्मी, बझाङ, प्युठान, रोल्पा, बाग्लुङ, अछाम, बैतडी, दैलेख, कालिकोट र धादिङ जिल्ला उच्च भूकम्पीय जोखिममा रहेको बताएका छन् ।

त्यतिमात्रै होइन लुम्बिनी प्रदेशमा बाँके, दाङ, अर्घाखाँची र पाल्पा उच्च भूकम्पीय प्रकोप भएका जिल्लामा परेका छन् । लुम्बिनी प्रदेशमा ८.६ म्याग्निच्युटको भूकम्प गएमा एक लाख भन्दा बढी भवनमा क्षति हुने आंकलन समेत गरिएको छ । प्रदेशमा यस्तो भूकम्प विदाको दिनमा गएमा १४ हजार ५८६ जना, रातिको समयमा गएमा ३२ हजार ९३९ जना र कार्यालय समयमा गएमा २१ हजार ९७ जनाको मृत्यु हुने सम्भावना रहेको भूगर्भविद्को आंकलन छ ।

भूगर्भविदले यसरी भूकम्पीय जोखिमका बारेमा आंकलन गरि रहेका बेला युरोपियन युनियन, युनिसेफ नेपाल र नेपाल रेडक्रस सोसाइटी बाँकेले नेपालगन्ज उपमहानगरपालिकासँगको समन्वयमा शहरी विपद् तथा भूकम्पीय जोखिमको अध्ययन सुरु गरी नागरिक हरुलाई बेलैमा सचेत र सतर्क गराउने कदम थाल्नु नितान्त असल कदम हो ।

## *पिटरको पातो...*

# आईना-ए-नेपालगन्ज

*"सत्य आग्रह र विश्वासमा नभई तथ्य र तर्कको कसौटीमा घोटिएरसान्दर्भिक बन्छ । तर्क कसौटीमा नखारिएका विषयले अन्धविश्वासी जन्माउँदै जान्छ । ज्ञानीजनहरु हरेक विश्वासलाई जाँच-पड्ताल गर्ने गर्छन् ।"*



*नरेन्द्रजङ्ग पिटर*

दृष्य त्यस्तै देखिन्छन्, महसुस् गर्न सकिन्छ, जस्तो दृष्टि हुन्छ । आँखा, नजर, दृष्टि एकै भएपनि त्यसका अर्थ र महत्व फरक हुन्छन् । दृष्टि हुन दृष्टिकोण आवस्यक हुन्छ । दृष्टिकोण बनाउने दर्शनले हो । दर्शनले जीवन र जगत प्रति उठ्ने जिज्ञासाका उत्तर खोज्न हौस्याउँछ । उचाई अनुसार विषय देखिन्छन् । सतह र टाकुराबाट देखिने दृष्य फरक हुन्छन् । दृष्यलाई आग्रहले प्रभावित पार्न सक्छ । तर, जिज्ञासाको कसौटीमा नापेर अध्ययन गऱ्यो भने छर्लङ्ग हुन्छ । हरियो चश्मा लगाएर यदि रातो गुलाफको फुल हेरियो भने त्यो कालो थुँगा देखिन्छ ।

ज्ञान र सूचनाले मान्छे नित्य नयाँ बन्दै जान्छन् । जिज्ञासाले अँझ ज्ञानको क्षेत्रफल बढाउँदै लैजान्छ । यथार्थले तर्क र तथ्य खोज्छ । पुराना सत्यका ठाउँमा नयाँ सत्य स्थापित गर्दै लैजान्छ । पुराना विश्वास भत्कनु र नयाँ विश्वास पैदा हुनुको कारक पक्षमा ज्ञान र सूचनाले तर्क र तथ्यलाई पाईन लगाएको हुन्छ । सत्य आग्रह र विश्वासमा नभई तथ्य र तर्कको कसौटीमा घोटिएर सान्दर्भिक बन्छ । तर्क कसौटीमा नखारिएका विषयले अन्धविश्वासी जन्माउँदै जान्छ । ज्ञानीजनहरु हरेक विश्वासलाई जाँच-पड्ताल गर्ने गर्छन् ।

आउनुस् नेपालगञ्जका वहानामा समयसँग बात मारौं । कहानी धेरै छन् - नयाँ मुलुकसँग । नेपालगञ्ज पढौं, देखौं, बुझौं र मनन गरौं । नेपालगन्ज मात्रै हैन नेपालकै कुरा गर्दा पनि उत्तरबाट पानी तल दक्षिणतिर बग्छ । तर वैदि्क साहित्य कालका कुरा नगर्ने हो भने ज्ञान, सूचना, शिक्षा दक्षिणबाट उकालो लाग्छ । अँझ नयाँ मुलुकको केन्द्र नेपालगन्ज मुल थलो बनेपछि मध्य र सुदूरपश्चिमका २४ जिल्लाको ज्ञान, सूचना, शिक्षा, व्यापार र राजनीतिको केन्द्र नै बन्यो । केन्द्रहरू बन्छन्, भत्कन्छन् । केन्द्रलाई आफ्नो गौरवताको निरन्तरता धान्ने चुनौति भने बनिरहेका हुन्छन् ।

यो थलो पुर्खाको महा-विचरण काल देखिकै आश्रय थलो बर्दियाली मानव, दानवाताल होस् या ठाकुरद्वारा पुरातात्विक सामाग्री । अध्यनका लागि जहिले पनि यीं सन्दर्भ बन्न सक्छन् । कर्णाली सभ्यताका विकास, दैलेखी साम्राज्यको फैलावट र ध्वस्तको इतिहासले अँझै वाणी पाउन सकेका छैनन् । एग्लो-नेपाल युद्ध सन् १८१४-१६ र गदर विद्रोहको सन् १८५७ को बेलायतलाई गरेको सहयोग, नयाँ मुलुकका कथाका आधार हुन् ।

बेलायती उपनिवेशको फैलावटसंगै काठ-ब्यापारी अङ्ग्रेज आए । देबदारका लागि कर्णालीको उत्तरी भेगसम्म पुगे । सतीसाल पानीजहाजका पटरा बनेर विश्व सामुन्द्रिक यात्रा गरे । काठका लागि मजदुर ल्याए, मजदुर कज्याउन मेठ र तीनलाई लगानी लगाउने साहुकार ल्याए । दस्तकार आए । फिरङ्गीले पाइलो टेक्नु पहिलेनै स्वतन्त्रताका पहरेदार गदर आए । गदरले पहिल्यै आश्रय बनाएकाले विद्रोही चेत संगै आयो । गदर दमन र विद्रोह तह लगाउन सिपाही बनाएर लगिएका नेपाली सेनाका लखन थापा विद्रोही चिन्तक नेता र योद्धा बन्दै यही बाटो फर्किए । त्यसको भ्रुण बनेर लोकाभार आन्दोलनको जग बस्यो । गदर नेपाली उत्तराधिकारी बन्यो - लोकाभार । कुँवर कल्लु सिंह, मुलायम बेहना, राधाकृष्ण थारु जस्ता भूमिपुत्रहरूले राणाकालमै विद्रोहको झण्डा फहराए । जाग्दो किसान संर्घष दबाउन जिम्दार संगठन बन्यो ।

२००७ सालको संर्घषमा क्रान्तिकारी र किसानहरु एकातर्फ, सत्ताधार जिम्दारहरु अर्कातर्फ । मुलायम वेहनाको नेतृत्वको "जो जोतेगा, सो खाएगा" भन्ने लोकाभार आन्दोलन बन्यो । राणाकालमै २००७ साल माघ ८ गते पुरैनामा जुलुस ल्याए, विद्रोह साम्य पार्न ब्रहम्शमशेर नेतृत्वको आयोग मोही-किसान र जिम्दारबिच बटहीको सम्झौता गराउन वाध्य भयो । यसको छाप पूर्वमा रूपन्देही देखि पश्चिममा भीमदत्त पन्तको विद्रोहको रुपमा देखियो । दशरथ चन्द आश्रम २००७ सालमा विद्रोहीको अखडा बन्यो । २००७ माघ १६ गते क्रान्ति-कारीहरुले नेपालगन्जलाई राणा शासनबाट मुक्त गरे । राणा ढले नयाँ शासक उदाए । अन्याय रोकिएन । विद्रोह पनि रोकिएन । क्रान्तिकारी जन्मने प्रकृयानै रोकिएन । क्रान्तिकारी गौरवगाथा नयाँ पात्रमा नौलो अनुहारमा देखिँदै गयो, अनुवा दिँदै गयो ।

जमिन्दारहरुको संगठन नानपारामा बसेर "नेपालमा कम्युनिष्टहरुले कब्जा गर्न थाले" भनेर भारतीय सत्ता उचाल्न थाले । भारतीय सेनाको मद्रासी रेजिमेण्टले २००७ साल चैत्र २९ गते राजापुर देखि कटकुइयाँसम्म एकैपटक गरेको आक्रमण ५४ घण्टा रह्यो । सयौं किसान र नेता गिरफ्तार भए । गिरफ्तार हुने मध्ये बाबुकृष्ण शर्मा, ललितचन्द, गोपालबहादुर श्रेष्ठ, बदलु राम नेपाली, प्रेमलाललाई २००८ साल वैशाख ४ गते बहराइच (भारत) चलान गऱ्यो । यातनाबाट वैशाख ४ मा पिडारीका वैजनाथ थारुको मृत्यु भयो । थप मृत्यु हुनेमा उचुवाका दुलारे पण्डित र धम्बोझीका राजाराम कुर्मी पनि रहे ।

थारूहरूले राजापुरमा किसान विद्रोहको अगुवाई गरे । मालिकहरूले नबोल्ने औजार भनेका कमैयाले विद्रोह गरेको के पो सहन्थे । कोइली देवी लगायत ७ जनाका एउटै चिहान बनाएर पौरख देखाए । आफैं

*(बाँकी पृष्ठ ५ मा)*

*राणाकालमै २००७ साल माघ ८ गते पुरैनामा जुलुस ल्याए, विद्रोह साम्य पार्न ब्रहम्शमशेर नेतृत्वको आयोग मोही-किसान र जिम्दारबीच बटहीको सम्झौता गराउन वाध्य भयो । यसको छाप पूर्वमा रूपन्देही देखि पश्चिममा भीमदत्त पन्तको विद्रोहको रुपमा देखियो । दशरथ चन्द आश्रम २००७ सालमा विद्रोहीको अखडा बन्यो । २००७ माघ १६ गते क्रान्तिकारीहरुले नेपालगन्जलाई राणा शासनबाट मुक्त गरे । राणा ढले नयाँ शासक उदाए । अन्याय रोकिएन । विद्रोह पनि रोकिएन ।*

*"थारूहरूले राजापुरमा किसान विद्रोहको अगुवाई गरे । मालिकहरूले नबोल्ने औजार भनेका कमैयाले विद्रोह गरेको के पो सहन्थे । कोइली देवी लगायत ७ जनाका एउटै चिहान बनाएर पौरख देखाए । आफैं बोक्सी, आफैं धामी पनि बने ।"*

## संवाद/लोक कल्याणकारी सन्देश

# "बिवाह गर्दैमा नागरिकता दिनु घातक छ"

## 'गठबन्धनको साथ तत्काल छाड्दैनौं'

*काठमाडौं : बिहीबार नागरिकता विधेयक दोस्रोपटक बहुमतले पारित भयो। तर, सत्ता गठबन्धनको घटक राष्ट्रिय जनमोर्चाले भने विपक्षमा भोट हाल्यो। खुला सिमाना भएको मुलुकमा नागरिकता दिने विषयलाई निश्चित विधि बनाएर मात्रै अघि बढाउनुपर्ने पार्टीको अडान थियो। यति मात्र हैन, खुला सीमा भएको देशले जन्मको आधारमा र वैवाहिक नागरिकताको आधारमा विवाह गर्ने वित्तिकै नागरिकता दिन नहुने भन्ने अडान थियो। तर, पार्टीको अडान विपरीत विधेयक पारित भएपछि अब पार्टी गठबन्धनमा रहन्छ ? सरकारको पक्षमा भएर पनि किन विपक्षमा मत हाल्यो ? भन्ने विषयमा पार्टी उपाध्यक्ष दुर्गा पौडेलसँग गरिएको कुराकानी :-*

➢ *गठबन्धनमा भएको पार्टी नै नागरिकता विधेयकको विपक्ष उभिएको छ। अलिक नसुहाउँदो देखिएन र भन्या ?*

- गठबन्धन एक नियममा खडा भएको हो। हामीले प्रतिगमनको विरुद्धमा र त्यसलाई परास्त गर्नका लागि सत्ता गठबन्धन उपस्थित गराएका हौं।

हाम्रो स्पष्ट धारणा के छ भने हामीले सुरुदेखि नै संविधान घोषणा गर्ने बेलामा




पनि नागरिकता विधेयकसम्बन्धी राष्ट्रिय जनमोर्चाको एउटा धारणा थियो। हाम्रो जस्तो खुला सिमाना भएको देशमा जन्मको आधार मा नागरिकता दिनुहुदैन भन्ने थियो। त्यो सागसागै विवाहित महिलाहरूलाई विदेशी महिलाले विवाह गरेर आएवापत नागरिकता दिने योग्य आधार मान्न सकिदैन भनेर सुरुदेखि नै त्यो मत थियो।

यदि आउँछन् भने ७ वर्ष समय राख्नुपर्छ भनेर निरन्तर हामीले अगाडि ल्याइरहेका छौं। र त्यो नागरिकता विधेयक आउँदै गर्दा राष्ट्रिय जनमोर्चाको स्पष्ट अडान यथावत नै रहेको छ।

हामीले विपक्षमा मत दिन्छौं भन्ने कुरा उहाँहरू गठबन्धनमा अन्य पार्टी जानकार थियो।

गठबन्धन गर्दै गर्दा कुनै एक विधान बनाएका पनि हौइनौं। कि सरकारलाई समर्थन गर्नुको अर्थ सरकारका जायज कामलाई पनि सहि कामलाई पार्टीले समर्थन गर्ने हो र सरकारले गरेको खराब कामलाई विरोध गर्ने नै हो भन्ने हाम्रो बुझाई हो। सरकारको काम हेरि समर्थन र विरोध गर्छौं।

हामीलाई गलत लागे पनि अन्य दललाई लागेन। किनभने हरेक पार्टीका आफ्नै राजनीतिक दर्शन छन्।

➢ *किन अन्य दल राष्ट्रिय जनमोर्चाको विचारमा सहमति जनाउन सकेनन् ?*

- हरेक पार्टीका आफ्नै राजनीतिक दर्शन छन्। उहाँहरू हाम्रा मागमा किन समर्थन गर्न सक्नुभएन भनेर बुझ्न त उहाँहरूलाई नै सोध्नुपर्छ।

➢ *अरूले समर्थन गरेको तपाईंहरूले किन विपक्षमा भोट हालेको ?*

- विवाह गरेबापत त्यो व्यक्ति नागरिकता लिन योग्य हुन्छ भन्ने कुरा कुनै सैद्धान्तिक आधार पनि छैन। नागरिकता हरेक देशका नागरिकहरुले त्यसलाई प्राप्त गर्ने विधिहरूलाई जव अपनाउनुपर्छ, त्यसको राजनीतिक आधार, त्यसको सामाजिक आधार, भौगोलिक आधार, त्यो सँगसँगै सीमा, हरेक क्षेत्रहरुलाई अध्ययन गरेर त्यसका विधिहरू अपनाउने गर्दछन्।

विवाह गर्दैमा नागरिकता प्राप्त गर्न योग्य भइसक्यो भन्ने कुरा दुनियाको कुनै पनि सिद्धान्तले त्यो कुरालाई स्वीकार गर्न सक्दैन।

हामीले यो चिजलाई स्पष्टसँग बुझ्न जरुरी छ। नागरिकता एउटा अखण्डतासित, एउटा राष्ट्रियतासित जोडिएको विषय हो।

➢ *यदि नागरिकता दिनु नै छ भने किन कुरिरहनु भन्ने पनि सरकारको तर्क होला नि त ?*

- विदेशीले नेपाली नागरिकता पाउने प्रावधान त छ नि हाम्रोमा। अंगीकृत नागरिकता लिनका निम्ति। निश्चित समयावधि जुनसुकै देशले राखेको हुन्छ। कम्तीमा देशभित्रै पनि एक ठाउँबाट अर्को ठाउँमा बिहे गरेर जाँदा त त्यहाँ रहन समय लाग्छ भने एक देशबाट अर्को देशमा जाँदा त कम्तिमा समय लाग्ने होला नी सबै कुरा बुझ्न।

खुला सिमाना भएको भारतमा पनि बिहे गरेर जाने दिने बितिक्कै नागरिकता

(बाँकी पृष्ठ ५ मा)




इलुमिनेट नेपाल मिडिया सेन्टर
(Illuminate Nepal Media Center)
नेपालगन्ज उपमहानगरपालिका - १० सोफियाटोल, बाँके
(सम्पर्क नंबर : ०८१-५२४९७२)

इलुमिनेट नेपाल मिडिया सेन्टर
(Illuminate Nepal Media Center)
द्वारा जनहितमा जारी सन्देश

## धारावाहिक जीवन दर्शन

# सामरी स्त्रीसंग येशूको वार्ता



१.यूहन्नाले भन्दा येशूले धेरै चेलाहरू बनाउँदैहुनुहुन्छ र बप्तिस्मा पनि दिँदैहुनुहुन्छ भन्ने फरिसीहरूले सुने। २. (वास्तवमा येशू आफैले त होइन, तर उहाँका चेलाहरूले बप्तिस्मा दिन्थे ।) ३.जब येशूले यो थाहा पाउनुभयो, उहाँ यहूदिया छोडेर फेरि गालील मा फर्कनुभयो ।

४. उहाँलाई सामरिया भएर जानु पर्थ्यो । ५. र उहाँ सामरियाको सुखार भनिने नगरमा आइपुग्नुभयो। यो नगरचाहिं याकूबले आफ्ना छोरा योसेफलाई दिएका जमिनको नजिकै पर्थ्यो। ६. त्यहाँ याकूबको इनार थियो। येशू यात्राले थाक्नुभएको हुनाले त्यस इनारको छेउमा बसिरहनुभएको थियो । प्रायः मध्यान्ह भएको थियो ।

७. एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई । येशूले त्यसलाई भन्नुभयो, *"मलाई पानी पिउन देऊ ।"* ८. उहाँका चेलाहरू सहरमा खानेकुरा किन्न गएका थिए। ९. तब सामरी स्त्रीले उहाँलाई भनी, "तपाईं यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ ?" (यहूदीहरूले सामरी हरूसँग केही सम्बन्ध राख्दैनन् ।)

१०. येशूले त्यसलाई भन्नुभयो, *"तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो ।"* ११. त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, तपाईंसित उघाउने भाँडो छैन, र इनार पनि गहिरो छ। तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ ? १२. के तपाईं हाम्रा पुर्खा याकूबभन्दा ठूला हुनु हुन्छ ? उनले हामीलाई यो इनार बनाइदिए, र उनी आफैले, उनका सन्तान र उनका गाईबस्तुले यही इनारको पानी पिए ।"

१३. येशूले त्यसलाई भन्नुभयो, "यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, १४. तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउने छैन । जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ।" १५. त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, मलाई त्यही पानी दिनुहोस्, र म तिर्खाउने छैनँ, र यहाँ पानी भर्न आइरहनुपर्दैन ।"

१६. येशूले त्यसलाई भन्नुभयो, *"जाऊ, तिम्रो पतिलाई बोलाएर ल्याऊ ।"*

१७. त्यस स्त्रीले भनी, "मेरो पति छैन ।" येशूले तिनलाई भन्नुभयो, *"तिम्रो पति छैन भनी तिमीले ठीकै भन्यौ, १८.किनभने तिम्रा पाँचजना पति भइसकेका छन्, र जो अहिले तिमीसँग छ, त्यो तिम्रो पति होइन । तिमीले यो साँचो भनेकी हौ ।"* १९. त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु । २०. हाम्रा पुर्खाहरूले यस डाँडामा आराधना गरे, अनि तपाईंहरू भन्नुहुन्छ, कि आराधना गर्ने स्थान यरूशलेम हो ।"

२१. येशूले तिनलाई भन्नुभयो, *"ए नारी, मलाई विश्वास गर, त्यो बेला आउँदैछ, जब तिमीहरू न त यस डाँडामा, न यरूशलेममा पिताको आराधना गर्नेछौ। २२. तिमीहरू जे आराधना गर्दछौ सो जान्दैनौ । हामी जे आराधना गर्दछौं सो जान्दछौं, किनभने मुक्तिचाहिं यहूदीहरूबाट आउँछ । २३. तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन् । किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ । २४. परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ ।"*

२५.त्यस स्त्रीले उहाँलाई भनी, "म जान्दछु, कि मसीह आउनुहुन्छ (जसलाई ख्रीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताउनु हुनेछ ।" २६. येशूले तिनलाई भन्नुभयो, *"तिमीसँग बोल्ने, म उही हुँ ।"*

२७. त्यति नै बेला उहाँका चेलाहरू आए, र उहाँलाई एउटी स्त्रीसँग कुरा गरि रहनुभएको देखेर छक्क परे, तर "तपाईं के चाहनुहुन्छ ?" अथवा "तपाईं त्यस स्त्रीसँग किन बातचीत गर्दैहुनुहुन्छ ?" भनेर कसैले सोधेनन् ।

२८. तब त्यो स्त्री आफ्नो गाग्रो छोडेर नगरतिर गई, र मानिसहरूलाई भनी, २९."आओ, एक जना मानिसलाई हेर, जसले मैले गरेका सबै काम मलाई बताइदिनुभयो। कतै उहाँ नै ख्रीष्ट त हुनुहुन्न ?" ३०.तब तिनीहरू नगरबाट निस्केर उहाँकहाँ गए ।

३१. यसै बीचमा चेलाहरूले उहाँलाई यसो भनेर बिन्ती गरे, "रब्बी, भोजन गर्नु-होस् ।"

३२. तर उहाँले तिनीहरूलाई भन्नुभयो, *"मसित खानलाई भोजन छ, जो तिमीहरूलाई थाहा छैन ।"*

३३. यसकारण चेलाहरूले आपसमा भने, "के कसैले उहाँलाई भोजन ल्याइदियो कि कसो ?"

३४. येशूले तिनीहरूलाई भन्नुभयो, "मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो । ३५. के तिमीहरू भन्दैनौ, "अँझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ ?" म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकि सकेको छ। ३६. जसले बाली काट्छ त्यसले ज्याला पाउँछ, र अनन्त जीवनको लागि फल बटुल्छ, र छर्ने र कटनी गर्ने एकसाथ रमाउँछन्। ३७. किनकि "एक जनाले छर्छ, र अर्काले कटनी गर्छ," भन्ने वचन यसैमा सत्य हुन्छ । ३८. मैले तिमीहरूलाई त्यहाँ कटनी गर्न पठाएँ, जहाँ तिमीहरूले परिश्रम गरेका छैनौं। अरूहरूले परिश्रम गरेका छन्, र तिनीहरूको परिश्रमका फल तिमीहरूले पाएका छौ ।"

३९. "मैले जे गरें उहाँले मलाई सबै भनिदिनुभयो" भन्ने त्यस स्त्रीको गवाहीले गर्दा त्यस नगरका सामरीहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे। ४०. यसकारण जब सामरीहरू उहाँकहाँ आए, तब तिनीहरूले उहाँलाई तिनीहरूसँग बस्न बिन्ती गरे, र उहाँ दुई दिन त्यहाँ बस्नुभयो। ४१. अनि उहाँका वचनको कारण अरू धेरैले उहाँमाथि विश्वास गरे।

४२. त्यस स्त्रीलाई तिनीहरूले भने, "अब तिमीले भनेका कुराले गर्दा हामीले विश्वास गरेका होइनौं, तर हामी आफैले सुनेका कारणले साँच्चै उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले जानेका छौं ।"

*(स्रोत :- पवित्र धर्मशास्त्र बाइबल, (यूहन्ना ४ : १ - ४२)*

## नगरमा ...

आउनु अघि तयारी गरिरहेको छौं।" यीं बस्तीमा भूकम्पीय जोखिम मात्र नभएर आगलागी र बाढीको अवस्थाबारे पनि अध्ययन हुने युनिसेफका परियोजनाका प्राविधिक अधिकृत नरेश निदालले बताए। परियोजनाले अग्नी नियन्त्रकको क्षमता अभिवृद्धि गर्ने र दमकल सेवा प्रभावकारी बनाउन सघाइरहेको छ ।

उनले प्रष्ट पारे, "नेपालगन्जमा २३ वटा वडाहरुमध्ये १० वडामा बढी घनत्व छ । पुरानो बस्तीमा अहिले सर्भे सुरु भएको छ । अध्ययनपछि कति घर भूकम्पीय जोखिममा छन् भन्ने थाहा हुनेछ ।"

लुम्बिनी प्रदेशमा बाँके, दाङ, अर्घाखाँची र पाल्पा उच्च भूकम्पीय प्रकोप भएका जिल्लामा पर्छन्। लुम्बिनी प्रदेशमा ८.६ म्याग्निच्युटको भूकम्प गएमा एक लाख भन्दा बढी भवनमा क्षति हुने आंकलन गरिएको छ ।

भूकम्प विदाको दिनमा गएमा लुम्बिनी प्रदेशमा १४ हजार ५८६ जना, रातिको समयमा गएमा ३२ हजार ९३९ जना र कार्यालय समयमा गएमा २१ हजार ९७ जनाको मृत्यु हुने सम्भावना रहेको भूगर्भविद् डा. दीपक चौलागाईले जिकिर गरे ।

भूगर्भविद् डा. चौलागाईका अनुसार लामो समयदेखि विनासकारी भूकम्प नगएकाले पश्चिम नेपालका पहाडी जिल्लाहरु गुल्मी, बझाङ, प्युठान, रोल्पा, बाग्लुङ, अछाम, बैतडी, दैलेख, कालिकोट र धादिङ जिल्ला उच्च भूकम्पीय जोखिममा रहेका छन् ।

## भावना/गजल

### मुस्कान फिराउने कसरी ?

मर्न थाले आशाहरू जीउ बचाउने कसरी
बाँझो भो मनको बारी बीउ लगाउने कसरी ?

भाका सबै सन्तानहरू बिदेशका खेत खन्छन्
निरास यीं घरहरू स्वदेशका सजाउने कसरी ?

योजना देउ ए सरकारका प्रमुख जनमुखी भएर
भोका पेटका पाखुरीलाई काममा लगाउने कसरी ?

निर्थक हुँदैछन् कुनै पनि मुक्तिका वादहरू आज
उस्तै छ सारा शोषकी पारा लौन भगाउने कसरी ?

रुँदैछिन् आमा झुपडीमा रित्ता स्तनहरू चुसाउँदै
अँध्यारा तीं मुहारमा मुस्कान फिराउने कसरी ?

*गणेशा कार्की*
*नेपालगन्ज, बाँके*


के तपाईंको ठाउँमा

कुनै सार्वजनिक कार्यक्रम, सभा-समारोह, सार्वजनिक सुनुवाई, तालिम-गोष्ठि, छलफल अन्तरक्रिया भईरहेको छ ?




छ भने हामीलाई सर्म्पक गर्नुहोस् । तपाईंको उद्धेश्य पुरा गर्नलाई हामी पनि साझेदार बनी रेडियो

मर्निङ्ग स्टार ९० मेगाहर्जमा प्रत्यक्ष (लाइभ) जोड्ने छौं ।

सर्म्पक फोन नम्बर : ०८१-५२६९९५, ०८१-५२०१५२
इमेल : radioms90@gmail.com

# मान्छेलाई आक्रमण गर्ने पाटे बाघलाई नियन्त्रणमा लिइयो, बर्दिया राष्ट्रिय निकुन्ज क्षेत्रबाट हतियार सहित एकजना पक्राउ



*निकुन्जका सुरक्षाकर्मीद्वारा डार्ट गरी नियन्त्रणमा लिईएको पाटे बाघ ।*




*अनुगमनका लागी राखिएका स्वचालित क्यामेराको सहयोगमा बिभिन्न अवैध सामाग्री सहित पक्राउ परेका ब्यक्ति ।*

*गुड न्यूज संवाददाता*
*बाँके*

बर्दिया राष्ट्रिय निकुन्ज अन्तर्गत पर्ने चेपाङ्ग मध्यवर्ति क्षेत्र अन्तर्गत रहेको भेरी गंगा नगरपालिका वडा नम्बर ५ गेरुवनी स्थित शक्ति मध्यवर्ति सामुदायिक बन क्षेत्रमा घाँस काट्न गएका २ जना स्थानीयहरुलाई आक्रमण गरी ज्यान लिने करिब १२ वर्षको पोथी पाटे बाघलाई नियन्त्रणमा लिइएको छ । उक्त पाटे बाघले २९ साउन २०७९ का दिन स्थानियहरुलाई आक्रमण गरेको थियो ।

बुधबार सल्यानको कालिमाटी गाउँ पालिका वडा नम्बर ७ स्वामीबास बन क्षेत्रबाट डार्ट गरी बाघलाई नियन्त्रणमा लिईएको हो । नियन्त्रणमा लिईएको पाटे बाघलाई बाँके राष्ट्रिय निकुञ्ज कार्यालयको खैरी पोष्ट नजिक रहेको खोरमा सुरक्षित राख्न पठाईएको बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयले जनाएको छ ।

पाटे बाघको आक्रमणमा परी स्थानीय ४६ बर्षिय राम बहादुर चन्द र ६७ बर्षिया कबि वलीको ज्यान गएको थियो । घटना पछि निकुञ्ज कार्यालयका कर्मचारी, निकुञ्ज सुरक्षामा खटिएको नेपाली सेना, स्थानीय उपभोक्ता समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष, बर्दियाबाट खटिएको टोलिले बन क्षेत्रमा क्यामेरा जडान गरी बाघको गतिविधि अनुगमन गरेको थियो ।

त्यसैगरी बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्रमा पर्ने बारबर्दिया नगरपालिका ६ बाट एकजनालाई चोरी शिकारमा प्रयोग हुने समान सहित पक्राउ गरिएको छ। निकुञ्ज सुरक्षामा खटिएको नेपाली सेनाको देविदत्त गण र निकुञ्जको टोलीले अनुगमनका लागी राखिएका स्वचालित क्यामेराको सहयोगमा २९ साउन २०७९ का दिन एकजनालाई पक्राउ गरेको हो ।

पक्राउ परेका ब्यक्ति पुरुष हुन् भने उनको बारेमा अन्य केही विवरण खुलाईएको छैन । भे.४ प ६५२९ नम्बर मोटरसाइकल, दुई नाले १२ बोर बन्दुक, ४ सय ग्राम सुकुटी, ७ सय ग्राम काँचो मासु, २१ रोल पटका, छर्रा, जाली लगायतका सामान पक्राउ परेका ब्यक्तिबाट बरामत भएको बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयले जनाएको छ ।

## विवाह ....

पाइन्छ त ? नागरिकता कुनै बसको टिकट हैन । नागरिकता पाउन कुनै प्रावधान आवश्यक छ ।

➢ *तपाईंहरूलाई विदेशी चेली भित्रिन्छन् भन्ने लाग्छ, विदेशी ज्वाईं भित्रिँदैनन् भन्ने लाग्ने हो ?*

– होइन । विदेशी ज्वाईं आउँछन् भने १५ वर्ष राख्नुपर्थ्यो भन्ने हाम्रो माग थियो । बुबा–आमा दुवै नेपाली भएको खण्डमा मात्र वंशजको आधारमा नागरिकता दिनुपर्छ भन्ने हो ।

बुबा अंगीकृत आमा वंशजको छ भने पनि उसको सन्तानले अंगीकृत नै लिन्छ । वंशजको बन्नका लागि एउटा समय लाग्छ । अर्को पुस्तासम्म आइपुग्दा वंशज हुने अर्को कुरा हो । सबै देशमा आफ्नै प्रचलनहरू रहेका छन् । अंगीकृत र वंशजको नागरिकता बीचको फरक वास्तवमा फरक छ ।

राष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, सभामुख लगायत महत्वपूर्ण पदमा वंशजका आधारमा भएको नागरिकले मात्र पाउँछन् । हाम्रा पूर्वजहरुले रगतसँग बगाएर वंशजको नागरिकता स्थापित गरेको त्यो इतिहास हामीसँग छ ।

त्यसैले त्यो भावना, त्यो रगत माटोसितको गहिरो सम्बन्ध कायम गर्दै धेरै लामो समयसम्म धेरै वर्षसम्म यो चिज अगाडि बढाउँदै आएका त्यागी हाम्रा पुर्खाहरूले ल्याएका हुन् । त्यसैले वंशजको नागरिकता वंशजकाले पाउनुपर्छ ।

➢ *बाबुको पहिचान नभएका सन्तान अनागरिक हुने प्रावधान त यो विधेयकले अन्त्य गरिदियो नि हैन ?*

– बुबा आमा नेपाली हुन् भने सन्तानले नागरिकता पाउने विषयमा भएको गाँठो फुकाउन हामी तयार छौं । उनीहरूको व्यवस्थापन सरकारले गर्नुपर्छ । नेपाली नागरिक नागरिकता पाउनुपर्छ । खुला सिमाना भएको देशमा पारिका मान्छे नेपाल आएर जन्मिने बित्तिकै नागरिकता प्रावधान भयो भने हाम्रो राष्ट्रियता कमजोर हुन जान्छ । जन्मको आधारमा नागरिकता वितरण हुन सक्दैन । वास्तविक यो देशमा नागरिक अल्पमतमा पर्न सक्छन् । भोलि हुने दुरगामी परिणामहरूलाई अहिल्यै बाट सोच्न सक्नु पर्छ ।

➢ *अब गठबन्धनमा तपाईंको पार्टी रहन्छ कि रहँदैन ?*

– यो नागरिक विधेयकका लागि बनेको गठबन्धन होइन । विधेयक पास भएको कुरा के हो भने गणकको संख्या हाम्रो पार्टीसँग कम भएको कारण गणक संख्या बढी भएको पार्टीले पास गर्‍यो । त्यसलाई रोक्न सक्ने शक्ति हामीसँग भएन । गठबन्धन गराउँदै गर्दा हाम्रो जुन उद्देश्य बनाएका थियौं, त्यो उद्देश्य अँझै पूरा भएको छैन । प्रतिगमनको जुन शक्ति छ त्यो शक्ति अहिले पनि अगाडि बढ्न कोसिस गरिरहेको छ । यसलाई परास्त गर्न अहिले पनि पाँच दलीय गठबन्धन आवश्यक छ ।

सरकारलाई प्रतिगमनको आन्दोलनमा हामीले समर्थन गर्दै आयौं । सरकारको गलत कामको विरोध गर्दै आइरहेका छौं । तर, पनि गठबन्धन अगाडि बढ्छ ।

*(थाहा खबर अनलाइन)*

## आईना....

बोक्सी, आफैं धामी पनि बने । "होरा प्रसाद जोशी आयोग" हल्ला र फुस्सा बन्यो । विद्रोहको ज्वालामुखी गर्भको लाभामै जल्दै रह्यो । कंग्रेसीबाट मोहभङ्ग भएका विद्रोही नेता भीमदत्त पन्तले जाली फटाहालाई न त दिनको चैन न त रातको निन्द्रा नै दिए । सेती–महाकालीमा ब्रह्मदेब मण्डीबाट उठेको विद्रोहका किसान सेनाहरू खुब जमेर लडे । आफ्नै पूर्व कमान्डर देखि सरकार अत्तालियो । टाउकाको मोल तोक्यो । दक्षिणबाट विदेशी फौज, उत्तर तिरबाट देशी । पन्तलाई बिचमा पारे । मितलाल बहादुर थापाले धोकामा पारेर गर्दन छिनाल्यो । या त "जोत हलो या त छोड थलो" भन्ने किसान नेताको टाउको ३ दिन खलङ्गामा प्रर्दशन भयो ।

आईना–ए–नेपालगञ्ज स्तम्भ बनाउने प्रयासरत हुनेछु जहाँतथ्य र तर्क आधारित सन्दर्भ श्रोत राख्ने प्रयास हुनेछ । निसंकोच श्रोतव्यक्तिलाई उधृत गरिनेछ । विस्मृतिमा पुरिएका धेरै तथ्य र सन्र्दभ सामाग्री छरपष्ट छन् नै । लेखकका ज्ञान र सूचनामा पहुँच कम हुन सक्छ, तर जिज्ञाशाले त्यसलाई सहज बनाउनेछ ।

## नेपालगन्जलाई ....

देश हुनबाट बञ्चित भएको थियो । नेपाल कानुन र नीति बनाउने तर कार्यान्वयनको मामिलामा शिथिल र कमजोर हुने देश हो । सूचनाको हकको सन्दर्भमा पनि यही कमजोरीले नेपाली जनता अहिले पनि पीडितै छन् ।

सन् १९९० को लोकतान्त्रिक जागरण पछि संविधानका तीनवटा नयाँ प्रयोग गरि सकेको नेपालले यस बीचका संविधानका सबै दस्तावेजमा सूचनाको हकलाई "नागरिकको मौलिक हक" का रूपमा राख्दै आएको छ ।

संवैधानिक हिसाबमा सबै नागरिकलाई यस हकको प्रत्याभूत होस् भन्नेमा सचेतना भएतापनि व्यवहारमा कार्यान्वयनका लागि राजनीतिक तहमा स्पष्ट इच्छाशक्ति र अठोट देखा परेको छैन । त्यसैले सूचनाको हक नेपाली लोकतन्त्रको प्रगतिशील प्रावधानका रूपमा देखाउने पठाउने विषय मात्रै बनिरहेको छ । नागरिकले यो हकको उपभोग सहज रूपमा गर्न पाएका छैनन् ।

## मुख्यमन्त्री ....

सय ७९ विद्यालय यो कार्यक्रमबाट लाभान्वित भएका छन् । मुख्यमन्त्री संयोजक रहेको निर्देशक समितिका सदस्य सचिब एवं कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाईका निर्देशक ग्रीस पुनले समीक्षा बैठकमा प्रस्तुत गरेको तथ्यांकले सो देखाएको छ ।

सोमबार प्रदेश राजधानी राप्ती उपत्यकामा आर्थिक वर्ष २०७८/०७९ को वार्षिक समीक्षा बैठकमा कार्यक्रमका निर्देशक पुनले नयाँ कार्यविधि अनुसार छोटो समय र स्थानीय निर्वाचनको कारणले काम गर्न थुप्रै कठिनाइहरुका बावजुद पनि जिल्लामा रहेका हाम्रा समन्वयकर्ताहरुको निरन्तर पालिकाहरु सँगको सहकार्यमा ९३ प्रतिशत वित्तीय उपलब्धी सहित योजनाहरु सफलतापूर्ण रुपमा सम्पन्न भएको बताए । कार्यक्रमबाट मुख्य गरेर विद्यालय पुनर्निर्माण तथा मर्मत संहार, रंगरोगन, बगैंचा निर्माण, खानेपानीको व्यवस्थापन, शौचालय निर्माण, घेराबार तथा पर्खाल निर्माण, प्रविधिमैत्री अध्यन अध्यापनका लागि आवश्यक विद्युतिय सामाग्रीहरुको व्यवस्थापन जस्ता कार्यहरु गरिएको समिक्षा कार्यक्रममा जानकारी दिइएको थियो ।

कार्यक्रममा बोल्दै मुख्यमन्त्री कुल प्रसाद केसीका प्रमुख राजनैतिक सल्लाहाकार अमर बहादुर डाँगीले परम्परागत शिक्षा प्रर्णालीलाई आधुनिक पद्तीमा रुपान्तरण गर्न सके समाज परिवर्तन गर्न सकिने बताए । उनले आधुनिक शिक्षाका नाममा पश्चिमा संस्कार सिकाउने कुरा व्यवहारिक नभएको भन्दै नेपाली समाजमा आधारीत शिक्षा प्रणाली लागु गर्नुपर्नेमा जोड दिए । नेपालमा रहेको हिमाली संस्कृती आर्य सभ्यता भन्दा पनि पुरानो भएको जानकारी दिँदै डाँगीले नेपाली शिक्षा र परम्पराको पुस्ता हस्तान्तरण हुन नसकेको दुखेसो समेत पोखे । उनले मानिसको ज्ञान र सिपलाई प्रविधिसँग, प्रविधिलाई श्रमसँग, श्रमलाई उत्पादक र उत्पादकत्वसँग र उत्पादकत्वलाई बजारसँग नजोडि नेपाल संवृद्ध हुन नसक्ने भएकाले अबको शिक्षा नीतिलाई प्राथमिक तहदेखि नै यस अनुकुलको बनाउन जोड दिनुपर्ने बताए ।

लुम्बिनी प्रदेशको अर्थ तथा सहकारी मन्त्रालयका सचिव नेत्र प्रसाद सुवेदीले कार्यक्रम कार्यान्वयनमा देखिएको कठिनाइका विषयमा आफू जानकार रहेको बताउँदै सहजिकरणका लागि तयार रहेको बताए । उनले मन्त्रालयका कारण मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम प्रभावित हुन नदिने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा मुख्यमन्त्री कार्यालयका उप–सचिव यमकान्त पाण्डेय, प्रदेश शिक्षा निर्देशनालयका निर्देशक मनोज गैरे, राप्ती गाउँपालिका दाङका अध्यक्ष प्रकाश बिष्ट लगायतले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमका कारण कतिपय विद्यालयको मुहार फेरिएकोमा खुशी व्यक्त गरे । उनिहरुले कार्यक्रम निरन्तरताका लागि पहल गर्न सरोकारवाला निकायलाई आग्रह समेत गरे ।

कार्यक्रमको मुख्य कार्यालय दाङको देउखुरीमा रहको छ । प्रदेशको १२ वटै जिल्लामा समन्वयकर्ताहरु सहभागि रहेको समीक्षा बैठकमा बाँकेका कार्यक्रम समन्वयकर्ता भीम रावत, पूर्वि रुकुमका समन्वयकर्ता दुर्गा गौतम, पाल्पाकी समन्वयकर्ता राधा नेपाली, अर्घाखाँचीकी समन्वयकर्ता सुशिला गाहा लगायतले आ–आफ्नो जिल्लाहरुमा काम गर्दा भोगेका समस्याहरु तथा आगामी दिनमा मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमलाई प्रभावकारी कसरी बनाउन सकिन्छ भन्ने बारेमा सुझावहरु समेत राखेका थिए ।

जि..प्रशा..का.बाँके द.नं. ९३/०६५/०६६
जि.हु.का.बाँके द.नं. १३/०७३/०७४
पान नं. ३०४७७७३७४


# नेपालगन्जलाई सूचनामैत्री बनाउन मेयर बिष्टले गरे प्रतिवद्धता




*राष्ट्रिय सूचना दिवसका अवसरमा निपागन्जको त्रभुवनचोकमा आयोजित दप प्रज्वलन कार्यक्रममा नेपालगन्ज उपमहानगरपालिकाका नगर प्रमुख प्रशान्त बिष्ट (कालो क्यापमा) लगायत सूचना र मानव अधिकार अनुसन्धान केन्द्रका अध्यक्ष विश्वजीत तिवारी लगायतका बिभिन्न अभियन्ताहरु*

*सन्तोष बिष्ट*
*नेपालगन्ज*

नेपालमा भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसको रूपमा मनाउने गरिन्छ । २०६४ साल साउन ५ गते तत्कालीन अन्तरिम व्यवस्थापिकाले नेपालमा सूचनाको हक सम्बन्धी ऐन पारित गरेको थियो। सोको ३० दिनपछि अर्थात् ३ भदौ, २०६४ बाट यो ऐन कार्यान्वयनमा आएको हो। ऐन कार्यान्वयनमा आएको सन्दर्भमा यो दिवस मनाउन थालिएको हो ।

सोही सन्दर्भमा सूचनाको हकका क्षेत्रमा काम गर्ने सक्रिय संस्था सूचना र मानव अधिकार अनुसन्धान केन्द्रले अभियान कै रुपमा दिवस मनाएको छ। संस्थाले नेपालगन्जको त्रिभुवन चोकमा शुक्रबार साँझ चेतनामूलक अभियान अर्न्तगत दिप प्रज्वलन गरेको छ । त्यस कार्यक्रममा सहभागी हुनुभएका नेपालगन्जका मेयर प्रशान्त विष्टले नागरिकको अधिकारका रुपमा रहेको सूचनाको हकबाट कसैलाई पनि बञ्चित गराउन नहुने भन्दै यो ऐनको पूर्ण कार्यान्वयनमा जोड दिनुभयो। उहाँले आफ्नै स्थानीय निकाय नेपालगन्ज उपमहानगरपालकाबाट सूचनाको हकको कार्यान्वयन गर्ने प्रतिबद्धता गर्दै सूचना मैत्री स्थानीय तह बनाउने बताउनुभयो ।

मेयर विष्टले सबै भन्दा ठूलो अधिकार सूचनाको अधिकार भएकाले यो अधिकार बाट पारदर्शिता र जवाफदेहितासंगै सुशासन स्थापित गराउने प्रमुख साधनको रुपमा रहेकाले सबैले यसको प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो । .

दीप प्रज्वलन कार्यक्रममा संस्थाका अध्यक्ष अधिवक्ता विश्वजित तिवारी, सूचना अभियन्ता कृष्ण मुरारी प्रसाद भट्ट, शैलेन्द्र बैश्य, रविन्द्र ज्ञवाली, बेदप्राद आचार्य, सुरेश चन्द लगायतको उपस्थिती रहेको थियो ।

१५ वर्ष पुरा भएपनि नेपालमा सूचनाको हक, कार्यान्वयन र नीतिगत सुधारको दुईवटा मुख्य चुनौतीको बीचबाट गुज्रँदै प्रभावहिन बन्ने खतरा बढ्दै गएको छ । सूचनाको हकलाई संविधानमै मौलिक हकको रूपमा व्यवस्था गर्ने दक्षिण एसियाको पहिलो देश नेपाल हो । सो हकलाई कार्यान्वयनमा ल्याउन भने १७ वर्षसम्म ऐन नबनाएर दक्षिण एसियामा पहिलो कानुन बनाउने

*(बाँकी पृष्ठ ५ मा)*

## वचत गर्दा ध्यान दिऔं ।

**बैंक, वित्तिय संस्था तथा सहकारीहरुमा रकम जम्मा गर्दै हुनुहुन्छ ?**

*त्यसो हो भने,*

- त्यस्ता संस्थाको वित्तिय विश्वसनीयताको परीक्षण गर्न नबिर्सौं ।
- बढी ब्याजको लोभमा नफसौं ।
- ब्याजको लोभमा सावाँ समेत नगुमाऔं ।


*नेपाल सरकार,*
*विज्ञापन बोर्ड*




**कतै बिरानो मुलुकमा बेचिन पुगिएला ?**
**सचेत बनेर जोगिनुहोस् है ।**

**चेलीबेटीको फोटो खाडी मुलुक पठाएर**
**मोलमोलाई गर्छन् दलालहरु**

## कोभिड - १९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं




**सार्बजनिक हितका लागि :**

**शुभ सन्देश सभा नेटवर्क नेपाल (ज्ञान नेपाल)** Gospel Assembly Network Nepal "GAN Nepal"
नेपालगन्ज उपमहानगरपालिका - १०, सोफियाटोल, बाँके
GAN-NEPAL